जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९


"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०८ | २०८३ साल असार १० गते बुधवार | Wednesday-24-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## मन्त्रालयको निर्णय अटेर गर्दै पचरौतामा निमित्तकै भर, महालेखाले देखायो लाखौंको अनियमित खर्च




*शु.आ. सम्बाददाता*
*बारा, ०९ असार*

संघीय सरकार परिवर्तनपछि स्थानीय तहमा रिक्त रहेका प्रमुख प्रशासकीय अधिकृतको पदपूर्तिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभर सहसचिव, उपसचिव र शाखा अधिकृतहरूको सरुवा तथा खटनपटनलाई तीव्रता दिएको थियो। सोही क्रममा मन्त्रालयले गत चैत ३० गते सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा कार्यरत उपसचिव श्रीधर पन्थीलाई बारा जिल्लाको पचरौता नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउने निर्णय गर्‍यो।

तर मन्त्रालयको स्पष्ट निर्णय हुँदाहुँदै पनि उपसचिव पन्थी हालसम्म पचरौता नगरपालिकामा हाजिर हुन सकेका छैनन्। यस विषयलाई लिएर स्थानीय तहमा विभिन्न प्रश्न उठ्न थालेका छन्। मन्त्रालयको निर्णय कार्यान्वयन हुन नसक्दा पचरौता नगरपालिकामा लामो समयदेखि शिक्षा सेवातर्फका अधिकृत वसन्तराज जोशी निमित्त प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत छन्।

स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिबीच "पचरौता नगरपालिका संघीय सरकारभन्दा माथि हो?" भन्ने प्रश्नसमेत उठ्न थालेको छ। संघीय मन्त्रालयले पठाएका कर्मचारीलाई कार्यान्वयन नगर्नु वा हाजिर हुन नदिनु प्रशासनिक अटेरीको उदाहरण भएको टिप्पणी हुन थालेको छ।

यता, निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालिरहेका वसन्तराज जोशीको कार्यकालमै आर्थिक अनियमिततासम्बन्धी विषय सार्वजनिक भएको छ। महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनमा पचरौता नगरपालिकाले असम्बन्धित कार्यालयका लागि गरेको खर्चलाई अनियमित ठहर गरेको हो। प्रतिवेदनअनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही मात्र सरकारी रकम खर्च गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ। तर पचरौता नगरपालिकाले आफ्नै क्षेत्राधिकार र आवश्यकताभन्दा बाहिर गई अन्य सरकारी कार्यालयका लागि लाखौं रुपैयाँ खर्च गरेको पाइएको छ।

महालेखाको प्रतिवेदनमा उल्लेख भएअनुसार जिल्ला सरकारी वकिल कार्यालयका लागि ६ वटा टेबल तथा कम्प्युटर टेबल खरिद गर्दा ३ लाख ४६ हजार २१३ रुपैयाँ खर्च गरिएको छ। त्यस्तै जिल्ला प्रशासन कार्यालयका लागि कम्प्युटर तथा फर्निचर खरिद शीर्षकमा थप ३ लाख रुपैयाँ खर्च गरिएको उल्लेख छ।

यसरी कुल ६ लाख ४६ हजार २१३ रुपैयाँ असम्बन्धित कार्यालयका लागि खर्च गरिएको भन्दै महालेखा परीक्षकको कार्यालयले उक्त रकमलाई अनियमित खर्चको सूचीमा राखेको छ। महालेखाले स्थानीय तहको बजेट स्थानीय विकास, पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा सेवा प्रवाहमा केन्द्रित हुनुपर्ने अवस्थामा अन्य कार्यालयका लागि गरिएको यस्तो खर्चले नगरपालिकाको आफ्नै विकास योजनामा दबाव पर्ने र सेवा प्रवाहमा असर पर्ने औंल्याएको छ।

*बाँकी तेश्रो पृष्ठमा*

## बारामा सीमा नाकाबाट तस्करीको राज : प्रहरी मौन, माछा कारोबार मुख्य अवैध धन्दा

*शु.आ. सम्बाददाता*
*कलैया, ०९ असार*




बारा जिल्लाका सीमावर्ती नाकाहरूमा अवैध आयात-निर्यात तथा तस्करी गतिविधि तीव्र रूपमा बढ्दै गएको भन्दै स्थानीयवासीले गम्भीर आपत्ति जनाएका छन्। शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी बोकेको सुरक्षा निकाय नै प्रभावकारी रूपमा परिचालन हुन नसकेको आरोपसँगै सीमा क्षेत्रमा तस्करीले खुलेआम प्रश्रय पाएको दाबी गरिएको छ।

विशेषगरी सिम्रौणगढ, कचोर्वा, आमवा तथा बारा-रौतहट सीमा क्षेत्रका बसबरिया नाकासम्म दैनिक रूपमा अवैध कारोबार हुने गरेको स्थानीय स्रोतहरूको भनाइ छ। उनीहरूका अनुसार रातिको समयमा मोटरसाइकल, टेम्पो तथा पिकअप गाडीमार्फत कपडा, किराना सामग्री, इलेक्ट्रोनिक्सदेखि विशेषगरी माछा लगायतका खाद्य सामग्रीसम्म अवैध रूपमा ओसारपसार हुने गरेको छ। स्थानीयवासीले सीमाक्षेत्रमा सक्रिय समूहहरूले दिनहुँ पाँचदेखि आठवटा पिकअप गाडीमार्फत सामान ओसारपसार गर्ने गरेको दाबी गर्दै आएका छन्। यसरी हुने अवैध कारोबारका कारण राज्यलाई करोडौं रुपैयाँ राजस्व घाटा भइरहेको उनीहरूको आरोप छ। वैध भन्सार प्रक्रिया अपनाउने व्यवसायीहरू भने प्रतिस्पर्धामा पछाडि परेको गुनासो गरेका छन्।

स्थानीयहरूले प्रहरी प्रशासनलाई पटक-पटक जानकारी गराउँदा पनि प्रभावकारी कदम नचालिएको आरोप लगाएका छन्। उनीहरूका अनुसार दिनमा कडाइ गर्ने तर रातको समयमा मौन रहने प्रवृत्ति तस्कर समूहहरू झन् सक्रिय बनेका छन्। "सामान्य नागरिकलाई अनावश्यक कडाइ गरिन्छ, तर ठूलो परिमाणको तस्करी खुलेआम चल्छ," एक स्थानीयले बताए।

बसबरीया नाकाबाट माछा तथा अन्य खाद्य सामग्रीको अवैध कारोबार बढ्दै गएको विषय पनि स्थानीय तहमा चासोको केन्द्र बनेको छ। सीमा क्षेत्रमा सक्रिय केही समूहहरूको पहुँच सुरक्षा निकायको माथिल्लो तहसम्म रहेको दाबी गर्दै तस्करी नियन्त्रण चुनौतीपूर्ण बनेको स्थानीयहरूको भनाइ छ। यस्तै, सिम्रौणगढ नाकासहित अन्य सीमाक्षेत्रबाट समेत अवैध कारोबार राजधानी काठमाडौंसम्म पुग्ने गरेको आरोपले विषयलाई थप गम्भीर बनाएको छ। यदि यी दाबीहरू सत्य

*बाँकी तेश्रो पृष्ठमा*

## सिमरामा विद्युत चुहावट नियन्त्रण अभियान प्रभावकारी, ११ महिनामा ठूलो परिमाणमा असुली

*अखिलेश कुमार यादव*
*बारा, ०९ असार*



नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र सिमराले विद्युत चुहावट नियन्त्रण तथा बक्यौता महसुल असुली अभियानलाई प्रभावकारी रूपमा अघि बढाउँदै आर्थिक वर्ष २०८२/८३ को ११ महिनामा उल्लेखनीय प्रगति हासिल गरेको छ। वितरण केन्द्र सिमराका प्रमुख इन्जिनियर माधव महतका अनुसार सो अवधिमा बक्यौता नतिर्ने १ हजार ३ सय ५९ ग्राहकको विद्युत लाइन काटिएको छ। ती ग्राहकबाट कुल ४ अर्ब ७३ करोड ५४ लाख २८ हजार ६२ रुपैयाँ बराबरको बक्यौता उठ्नुपर्ने रहेको उनले जानकारी दिए। लाइन काटिएका ग्राहकमध्ये बक्यौता भुक्तानी गरेपछि १ हजार ७७ ग्राहकको पुनः लाइन जडान गरिएको छ। पुनः जडान भएका ग्राहकबाट हालसम्म १० करोड ३३ लाख ८६ हजार ५८ रुपैयाँ असुली गरिएको वितरण केन्द्रले जनाएको छ।

त्यसैगरी, कालोसूचीमा परेका ३ ग्राहकबाट १७ लाख ४९ हजार ६ सय १६ रुपैयाँ असुली गर्न बाँकी रहेको छ। विद्युत चोरी तथा अनधिकृत प्रयोग नियन्त्रण अभियानअन्तर्गत कारबाहीमा परेका १३ जनाबाट थप ९६ हजार ८ सय ३८ रुपैयाँ राजस्व संकलन भएको केन्द्रले जनाएको छ। इन्जिनियर महतका अनुसार विद्युत महसुल नतिर्ने तथा अनधिकृत रूपमा विद्युत प्रयोग गर्ने प्रवृत्ति नियन्त्रण गर्न नियमित अनुगमन र कडाइका साथ कारबाहीलाई निरन्तरता दिइएको छ। उनले समयमै महसुल भुक्तानी गर्न उपभोक्ताको हित संरक्षण गर्दै प्राधिकरणको राजस्व सुरक्षित राख्न अभियान सञ्चालन गरिएको स्पष्ट पारे। साथै, विद्युत चुहावट नियन्त्रणमा उपभोक्ताको सचेतना र सहयोग अपरिहार्य रहेको उल्लेख गर्दै नियमित रूपमा महसुल भुक्तानी गर्न सबै उपभोक्तालाई आग्रह गरे।

वितरण केन्द्रले आगामी दिनमा बक्यौता असुली, चुहावट नियन्त्रण तथा अनुगमनलाई अझ प्रभावकारी बनाउँदै विद्युत सेवा व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी र आर्थिक रूपमा सुदृढ बनाउने जनाएको छ।

## फिनल्यान्डका राजदूतको बारागढी भ्रमण : शिक्षा सुधार र अन्तर्राष्ट्रिय सहकार्यमा जोड

*बारा, ०९ असार*



फिनल्यान्डका महामहिम राजदूतज्यू तथा उहाँको उच्चस्तरीय टोलीले बारा जिल्लाको बारागढी गाउँपालिकाको सद्भावना भ्रमण गरेका छन्। गाउँपालिकाको निमन्त्रणामा भएको उक्त भ्रमणलाई स्थानीय शिक्षा विकास र अन्तर्राष्ट्रिय सहकार्यको दृष्टिले महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

भ्रमणका क्रममा टोलीले गाउँपालिकाको समग्र वस्तुस्थिति, विकास निर्माणको अवस्था, सामाजिक तथा शैक्षिक परिवेशको अवलोकन गरेको गाउँपालिकाले जनाएको छ। टोलीसँग गाउँपालिका अध्यक्ष अशोक जयसवाल, प्रमुख प्रशासकीय अधिकृत मुकेश मिश्र, जनप्रतिनिधि तथा शिक्षा शाखाका पदाधिकारीहरूले छलफल गरेका थिए।

विशेषगरी बारागढी गाउँपालिकाको शिक्षा क्षेत्रको अवस्था, विद्यालयहरूको भौतिक पूर्वाधार, शिक्षण सिकाइको गुणस्तर, विद्यार्थीको सिकाइ उपलब्धि तथा देखिएका चुनौतीबारे गहन संवाद भएको जनाइएको छ।

छलफलमा फिनल्यान्डको विश्वप्रसिद्ध शैक्षिक प्रणाली, व्यवहारिक शिक्षण पद्धति, विद्यार्थीमैत्री वातावरण तथा आधुनिक शिक्षा व्यवस्थापनका अनुभवसमेत साझा गरिएको थियो। गाउँपालिका अध्यक्ष अशोक जयसवालले फिनल्यान्डको शिक्षा प्रणाली विश्वमै उत्कृष्ट मानिने भएकाले त्यसबाट प्राप्त अनुभव र सुझाव बारागढीको शिक्षा सुधारका लागि निकै उपयोगी हुने विश्वास व्यक्त गरे। उनले शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि, शिक्षक क्षमता विकास तथा विद्यालय व्यवस्थापन सुधारमा अन्तर्राष्ट्रिय सहकार्य आवश्यक रहेको उल्लेख गरे।

त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत मुकेश मिश्रले फिनल्यान्डको टोलीसँग भएको छलफलले स्थानीय शिक्षा प्रणालीलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउने दिशामा नयाँ सोच र अवसर प्रदान गरेको बताए। उनले आगामी दिनमा शिक्षा क्षेत्रमा सहकार्य, अनुभव आदानप्रदान तथा सम्भावित साझेदारीमार्फत बारागढीलाई शैक्षिक रूपमा सबल बनाउने लक्ष्य रहेको धारणा राखे। भ्रमणका क्रममा राजदूत टोलीले स्थानीय समुदायसँग समेत अन्तरक्रिया गर्दै ग्रामीण क्षेत्रको शिक्षा, स्वास्थ्य तथा सामाजिक अवस्थाबारे जानकारी लिएको थियो।

टोलीको गरिमामय उपस्थितिले स्थानीय सरकार र नागरिकहरूमा उत्साह थपिएको गाउँपालिकाले जनाएको छ। बारागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण गाउँपालिकावासीका तर्फबाट महामहिम राजदूतज्यू र उहाँको टोलीप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गरिएको छ।

गाउँपालिकाले यस्तो भ्रमण र संवादले आगामी दिनमा बारागढीको शिक्षा क्षेत्रको विकास तथा समृद्धिका लागि नयाँ सम्भावना सिर्जना गर्ने विश्वास व्यक्त गरेको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


# सम्पादकीय..........

## सीमावर्ती क्षेत्रमा माछा तस्करी : नियन्त्रणमा चुनौती कायमै

बाराको विश्रामपुर गाउँपालिका-१ खेखरिया सीमावर्ती क्षेत्रमा भारतबाट अवैध रुपमा नेपाल भित्र्याइँदै गरेको ठूलो परिमाणको मरेको माछा बरामद भएको छ । घटनाले सीमावर्ती क्षेत्रमा लामो समयदेखि चल्दै आएको तस्करी गतिविधि पुनः सतहमा आएको छ ।

सशस्त्र प्रहरी बलको बीओपी बरैनियाबाट सशस्त्र प्रहरी निरीक्षक सन्तोष चौलागाईंको कमाण्डमा खटिएको सात सदस्यीय गस्ती टोलीले शंकास्पद गतिविधि देखेपछि निगरानी बढाएको थियो । त्यस क्रममा साइकलमार्फत भारतबाट नेपालतर्फ ल्याइँदै गरेको करिब ८० केजी मरेको माछा बरामद गरिएको हो । प्रहरीलाई देख्नेबित्तिकै तस्करहरु साइकलसहित फरार भएका थिए ।

बरामद माछाको अनुमानित मूल्य करिब २७ हजार रुपैयाँ रहेको बताइए पनि यसको असर आर्थिक पक्षभन्दा धेरै व्यापक रहेको देखिन्छ । अवैध रुपमा भित्र्याइने यस्ता उपभोग्य सामग्रीले बजार व्यवस्थापन, राजस्व संकलन र उपभोक्ता स्वास्थ्यमा प्रत्यक्ष जोखिम निम्त्याउने गरेका छन् ।

बरामद गरिएको माछा खान अयोग्य तथा स्वास्थ्यका दृष्टिले जोखिमपूर्ण देखिएकाले क्याम्प परिसरमै खाल्टो खनी नष्ट गरिएको सशस्त्र प्रहरी बल नेपाल ले जनाएको छ । नष्ट गर्ने क्रममा स्थानीय जनप्रतिनिधि, पत्रकार, पशु क्वारेन्टाइन कार्यालयका प्रतिनिधि र स्थानीयवासीको उपस्थिति रहेको थियो ।

स्थानीयवासीका अनुसार सीमावर्ती क्षेत्रमा माछा, तरकारी तथा अन्य उपभोग्य वस्तु अवैध रुपमा भित्र्याउने क्रम लामो समयदेखि चल्दै आएको छ । पटक-पटक बरामद भए पनि तस्करी पूर्ण रुपमा नियन्त्रण हुन नसक्दा सुरक्षा व्यवस्थामाथि प्रश्न उठ्ने गरेको छ ।

सीमा क्षेत्रमा नियमित गस्ती, प्रभावकारी निगरानी र कडाइका साथ कानुनी कारबाही नहुँदा यस्ता गतिविधि दोहोरिने जोखिम अझै कायम रहेको स्थानीयको गुनासो छ ।

# एआईको परिभाषामा 'सिर्जनशीलता'



*सन्तोष श्रेष्ठ*



आजको डिजिटल युगमा कसैको ध्यान लामो समयसम्म तान्नु अत्यन्तै कठिन काम हो । एक सामान्य मोबाइल प्रयोगकर्ताले कुनै पनि रिल, भिडियो वा विज्ञापनलाई औसतमा २.५ सेकेन्डमै स्क्रोल गरेर छोड्छ। आजको एआई (एआई)को जमानामा यदि कुनै सर्जकले त्यति नै समयमा दसवटा प्रभावकारी विज्ञापन क्याम्पेनका अवधारणाहरू तयार गर्न सक्छ भने– त्यो केवल प्रतिस्पर्धात्मक लाभ मात्र होइन, एक क्रान्तिकारी परिवर्तन नै हो भन्न सकिन्छ।

केही वर्षअघिकै कुरा गर्ने हो भने पनि विज्ञापन निर्माण प्रक्रिया परम्परागत नै थियो- बैठक कोठामा सीमित, ब्रेनस्टर्मिङ, अनुभव र सहज अनुमानमा आधारित । विचार तथा कन्सेप्टहरू बिस्तारै-बिस्तारै फुर्थे र निर्णय प्रक्रियाले केही समय लिन्थ्यो। तर, समयसँगै आज त्यो प्रक्रिया पूर्णरूपमा भत्किएको छ।

आर्टिफिसियल इन्टेलिजेन्सको उदयसँगै विज्ञापन उद्योगमा तीव्र परिवर्तन आएको छ। विज्ञापन सर्जकहरूले छोटो समयमै धेरै विज्ञापन क्याम्पेनहरू बनाउन थालेका छन्। डिजाइन, कपी (सन्देश) र रणनीति– सबै क्षेत्रको गति अभूतपूर्व रूपमा बढेको छ । तर, यस परिवर्तनबीच एउटा आधारभूत सत्य यथावत् नै छ।

च्याटजीपीटी, जेमिनाइ, क्यानभा र एआई जेनेरेटिभ भिडियो प्लाटफर्मजस्ता चर्चित एआई एपहरूको पहुँच सहज भए तापनि उत्कृष्ट विज्ञापन सिर्जना एआईले गर्दैन; एआईको मद्दतले मानिसले नै गर्छन्। एआईले सम्भावना वा विकल्पहरू दिन्छ तर अर्थपूर्ण र प्रभावकारी कन्सेप्ट तथा डिजाइन छनोट गर्ने जिम्मेवारी सर्जककै हुन्छ।

यही सन्दर्भमा 'प्रम्प्टिङ' (सोध्ने कला) नयाँ सिर्जनात्मक सीपको रूपमा उदाएको छ । स्पष्ट, सुसंगत र रणनीतिक रूपमा तयार गरिएको प्रम्प्टले मात्र गुणस्तरीय परिणाम दिन सक्छ। कस्ता शब्द चयन गर्ने तथा कसरी प्रश्न सोध्ने भन्ने कुराले एकदमै माने राख्दछ । यसैले परम्परागत 'क्रिएटिभ ब्रिफ' क्रमशः 'स्मार्ट प्रम्प्ट'मा रूपान्तरण हुँदै छ । यस नयाँ सिर्जनात्मक युगमा अन्तिम प्रतिस्पर्धात्मक लाभ सबैभन्दा महँगो उपकरण भएको व्यक्तिलाई होइन, सबैभन्दा शक्तिशाली प्रश्न सोध्ने व्यक्तिलाई हुन्छ।

आजका उपभोक्ताहरू सामाजिक सञ्जालमा आउने सामग्रीहरूको बाढीमा डुबेका छन्।

सामाजिक सञ्जालमा आउने छोटो भिडियो र निरन्तरका सूचनाले मानिसको ध्यान दिने समय घटाइरहेको छ । यस्तो अवस्थामा, कमजोर सन्देशहरू तुरुन्तै मानसपटलबाट हराउँछन्। एआईले विज्ञापन सन्देश बनाउने गति बढाए पनि यदि सोच स्पष्ट छैन भने यसले औसत विज्ञापन सन्देशलाई अझै छिटो गतिमा फैलाउँछ। एआईको प्रयोग त भइरहेको छ तर धेरै संस्थाहरू वा ब्रान्डहरूको विज्ञापन सोचेजस्तो प्रभावकारी हुन सकेको छैन। हामीमा स्पष्ट नीति, ब्रान्डको गहिरो बुझाइ र गुणस्तर नियन्त्रणको अभाव टड्कारो देखिन्छ।

अर्को महत्वपूर्ण प्रश्न विश्वासको हो। एआई प्रणालीहरू शक्तिशाली भए पनि सधैं विश्वसनीय हुँदैनन् । गलत जानकारीलाई विश्वस्त रूपमा प्रस्तुत गर्न सक्ने क्षमता, प्रतिस्पर्धीको शैली नक्कल गर्ने प्रवृत्ति र सतही आकर्षण– यी सबै जोखिमहरू हुन्। विशेषगरी विश्वास नै प्रमुख आधार रहेको बैंकिङ, स्वास्थ्य र शिक्षाजस्ता क्षेत्रमा यस्तो त्रुटि भएमा सबैलाई महँगो पर्न सक्छ। नेपालमा एआईसम्बन्धी छुट्टै कानुनी व्यवस्था नभए पनि विद्यमान कानुनहरू लागू हुन्छन्।

प्रतिलिपि अधिकार ऐन २०५९, उपभोक्ता संरक्षण ऐन २०७५ र गोपनीयता ऐन २०७५ ले सामग्रीको उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गर्छन्। एआईद्वारा सिर्जित सामग्रीमा त्रुटि भएमा जिम्मेवारी अन्ततः प्रकाशन गर्ने संस्थाकै हुन्छ । यस सन्दर्भमा सोच्ने संस्थाहरूले एआई प्रयोगका स्पष्ट मापदण्ड तय गरिरहेका छन् ।

मानव अनुमोदन प्रणाली, सामग्री परीक्षण र प्रम्प्ट व्यवस्थापनजस्ता प्रक्रियाहरू लागू गरिरहेका छन् । यद्यपि, एउटा कुरा स्पष्ट छ– एआईले मानवीय भावना प्रतिस्थापन गर्न सक्दैन। उत्कृष्ट विज्ञापन तथा सिर्जनाहरू तथ्यभन्दा बढी भावनामा आधारित हुन्छन्। तिनीहरूले दर्शकसँग सम्बन्ध बनाउँछन्, संस्कृति प्रतिबिम्बित गर्छन् र दीर्घकालीन प्रभाव छोड्छन्। यही पक्ष एआईका लागि अझै चुनौतीपूर्ण छ।

भविष्यको विज्ञापन उद्योग 'मानव र मेसिन'को सहकार्यमा आधारित हुनेछ। एआईले गति, दक्षता र विस्तार दिन्छ भने मानिसले अर्थ, संवेदना र निर्णय दिन्छ। सफल सर्जक ती हुनेछन्, जसले यी दुईबीच सन्तुलन कायम गर्न सक्छन्।

नेपालका लागि यो परिवर्तन एउटा अवसर पनि हो । सही दृष्टिकोण र प्रणालीसहित एआई अपनाउन सके देशले प्रत्यक्ष रूपमा फाइदा लिन सक्छ। विद्यालय तहबाटै एआई शिक्षा दिने हो भने हरेक नेपालीले यसको लाभ लिन सक्नेछन्। एआईको मद्दतले सस्तो, छिटो र भरपर्दो सिर्जना तथा उत्तर वा समाधान खोज्न सकिने हुनाले सबै क्षेत्रले राम्रै फाइदा लिन सक्छन्। समय साँच्चिकै बलवान् छ, समयअनुसार चल्न नसके सकिने निश्चित छ । राजनीतिमा 'सच्चिने कि सकिने' भन्ने चर्चित भनाइ हरेक क्षेत्रमा उत्तिकै लागू हुन्छ । अन्ततः एआईले हामीलाई प्रतिस्थापन गर्ने होइन, बरु एआईलाई प्रभावकारी रूपमा प्रयोग गर्न जान्नेले अरूलाई भने अवश्य पछि पार्नेछ र सबैभन्दा ठूलो प्रतिस्पर्धात्मक शक्तिको रूपमा आफूलाई उभ्याउन सक्नेछ।

# कानुन र म



*ममता कुशवाहा*

विवाह दर्ताको कागजमा दुई नाम जोडिए,
मसीले बनाएको सम्बन्ध राज्यले स्वीकार्यो ।
कानुनले भन्यो-अब तिमीहरु एउटै हौ,
अधिकार बाँडिएका छन्, दायित्व तय भएका छन्।
तर उसले सोधेन -के मनहरु पनि जोडिए?
के आँखाभित्रको डर बुझियो? के मौनको भाषा पढियो?
कानुनले घर त दियो, तर घरभित्र न्यानोपन दिएन।
एउटै छानामुनि बसायो, तर एउटै सपनामा जोडेन ।
यहाँ हाँसो अभ्यासजस्तो भयो, आँसु लुकाउने कला सिकियो।
सम्बन्ध देखावटी बन्यो, मन भने एक्लिँदै गयो।
मन जोड्नु नियम पुग्दैन, धारा र दफाहरु मौन हुन्छन्।
माया बिना दायित्व बोझ बन्छ, सम्मान बिना सम्बन्ध चिसिन्छ ।
विवाह दर्ता सुरुवात हो, अन्त्य होईन सम्बन्धको ।
सम्बन्ध त त्यतिबेला बाँच्छ, जब दुई मनले एक-अर्कालाई सुन्छ।
यदि मन जोडिएन भने, कागज मात्र बाँकी रहन्छ।
कानुनले सम्बन्ध बचाउँछ होला, तर आत्मा भने टुटिरहन्छ।

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अमेरिकाद्वारा इरानमाथिको तेल प्रतिबन्धमा छुट, १२ अर्ब डलरको फ्रिज कोष फुकुवा हुने

काठमाडौँ - संयुक्त राज्य अमेरिकाले इरानमाथिको तेल प्रतिबन्धमा अस्थायी छुट दिँदै रोक्का राखिएको १२ अर्ब अमेरिकी डलर बराबरको कोष फुकुवा गर्ने भएको छ ।

इरानका मुख्य वार्ताकारका अनुसार अमेरिका फ्रिज गरिएको १२ अर्ब डलर फुकुवा गर्न सहमत भएको हो । अमेरिकी कोष विभागले आगामी अगस्ट १ सम्मका लागि इरानी तेल र पेट्रोकेमिकल्स बिक्री गर्न अनुमति दिने गरी प्रतिबन्धमा अस्थायी खुकुलोपनको घोषणा गरेको छ ।



इरानमाथि अमेरिकी प्रतिबन्धको इतिहास

सन् १९७९ मा इरानी विद्यार्थीहरूले तेहरानस्थित अमेरिकी दूतावासमा आक्रमण गरी कूटनीतिज्ञहरूलाई बन्धक बनाएपछि वासिङ्टनले इरानमाथि पहिलो पटक प्रतिबन्ध लगाएको थियो । त्यतिबेला अमेरिकाले इरानी आयातमा प्रतिबन्ध लगाउनुका साथै १२ अर्ब डलर बराबरको सम्पत्ति रोक्का गरेको थियो ।

त्यसपछि सन् १९८४ मा अमेरिकाले इरानलाई 'आतंकवादलाई प्रश्रय दिने राष्ट्र' घोषणा गऱ्यो । सन् १९९६ मा अमेरिकी कङ्ग्रेसले इरानको तेल क्षेत्रमा लगानी गर्ने पक्षहरूलाई दण्डित गर्ने कानुन पारित गरेको थियो । तर, युरोपेली देशहरूको विरोधका कारण उक्त कानुन सन् २०१० सम्म कार्यान्वयनमा आउन सकेन ।

यस्तै, युरेनियम प्रवर्द्धन कार्यक्रम रोक्न असफल भएको भन्दै सन् २००६ मा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले इरानमाथि पहिलो पटक प्रतिबन्ध लगाएको थियो । त्यसपछिका वर्षहरूमा परिषद्ले आणविक कार्यक्रमसँग सम्बन्धित प्रतिबन्धहरू थप विस्तार गर्दै लग्यो ।

सन् २०१२ मा अमेरिकाले इरानको केन्द्रीय बैंकमाथि प्रतिबन्ध लगाएपछि तेहरानले तेल ट्याङ्करहरूका लागि 'स्ट्रेट अफ हर्मुज' बन्द गर्ने चेतावनी दिएको थियो । सोही वर्ष युरोपेली संघ (ईयू) ले पनि इरानी तेल आयातमा प्रतिबन्ध लगाउने निर्णय गऱ्यो ।

लामो गतिरोधपछि सन् २०१५ मा इरान र विश्वका शक्ति राष्ट्रहरूबीच 'जोइन्ट कमप्रिहेन्सिभ प्लान अफ एक्सन' (जेसिपिओए) नामक आणविक सम्झौता भयो, जसका कारण अमेरिका र युरोपेली देशले प्रतिबन्धहरूमा राहत दिएका थिए ।

तर, सन् २०१८ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त आणविक सम्झौताबाट बाहिरिने निर्णय गर्दै इरानको तेल र बैंकिङ क्षेत्रलाई लक्षित गरी पुनः नयाँ प्रतिबन्धहरूको घोषणा गरे ।

सन् २०२५ मा पुनः सत्तामा फर्किएपछि ट्रम्पले इरानमाथिको प्रतिबन्धलाई अझ विस्तार गरे । यस अन्तर्गत इरानी तेल खरिद गर्ने चिनियाँ 'टिपर' रिफाइनरी र ढुवानी कम्पनी जस्ता तेस्रो पक्षीय व्यापारिक साझेदारहरूलाई समेत प्रतिबन्धको दायरामा ल्याइएको थियो ।

## पचरौतामा.........

पचरौता नगरपालिकामा लामो समयदेखि निमित्तकै भरमा प्रशासन सञ्चालन भइरहेका बेला मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृत हाजिर हुन नसक्नु र सोही अवधिमा अनियमित खर्च सार्वजनिक हुनु प्रशासनिक पारदर्शिता र आर्थिक अनुशासनमाथि गम्भीर प्रश्नका रूपमा हेरिएको छ ।

स्थानीयवासीले संघीय सरकारको निर्णय तत्काल कार्यान्वयन गर्दै नियमित प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी सम्हाल्न दिनुपर्ने तथा महालेखाले औंल्याएका विषयमा निष्पक्ष छानबिन हुनुपर्ने माग गरेका छन् ।

## तस्करी.............

प्रमाणित भएमा यो केवल सीमास्तरको समस्या नभई राज्य संयन्त्रको कमजोरीको संकेत हुने सरोकारवालाहरूको टिप्पणी छ ।

स्थानीय नागरिकहरूले सीमा क्षेत्रमा भइरहेको तस्करी, विशेषगरी माछा लगायतका वस्तुको अवैध कारोबारमाथि निष्पक्ष छानबिन गरी दोषी जोसुकै भए पनि कडा कानुनी कारबाही गर्न माग गरेका छन् । साथै सीमा सुरक्षालाई प्रभावकारी बनाउन तत्काल विशेष निगरानी संयन्त्र परिचालन गर्नुपर्ने आवश्यकता उनीहरूले औंल्याएका छन् ।

प्रहरी प्रशासन र सम्बन्धित निकायले मौनता तोड्दै वास्तविक अवस्था सार्वजनिक नगरेसम्म सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण हुनेमा विश्वास गर्न कठिन रहेको स्थानीयहरूको भनाइ छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

परवानीपुर गाउँपालिका, परवानीपुर, बारा

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

वृन्दावन नगरपालिका, विश्रामपुर, रौतहट







तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# ३.८८ जीपीएसहित कुल्सुम सम्मानित

*बिरगंज, ०९ असार*

कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्दै बाराकी छात्रा कुल्सुम खातुन मधेस प्रदेशकै उत्कृष्ट विद्यार्थीमध्ये एक बनेकी छन् । बाराको जीतपुर-सिमरा निवासी खातुनले विज्ञान संकायतर्फ ३.८८ जीपीए प्राप्त गर्दै पर्सा-बारा क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गरेपछि उनलाई वीरगंज स्थित ओम नेशनल कलेजले विशेष सम्मान गरेको छ । कलेज परिसरमा आयोजित कार्यक्रममा छात्रा खातुनलाई खादा ओढाएर सम्मान गर्नुका साथै एक थान ल्यापटप प्रदान गरिएको थियो । कलेजकी निर्देशक शोभा यादवले खातुनलाई सम्मान गर्दै उनको मेहनत, अनुशासन र निरन्तरताले अन्य विद्यार्थीलाई समेत प्रेरणा दिएको बताइन् ।

सम्मानपछि प्रतिक्रिया दिँदै कुल्सुम खातुनले आफ्नो सफलतामा अभिभावकको साथ, कलेजको शैक्षिक वातावरण र व्यक्तिगत अनुशासनको महत्वपूर्ण भूमिका रहेको बताइन् । उनले नियमित अध्ययन, शिक्षकको मार्गदर्शन र सकारात्मक वातावरणकै कारण उत्कृष्ट नतिजा ल्याउन सफल भएको उल्लेख गरिन् ।

कार्यक्रममा निर्देशक यादवले खातुनसँगै उनका अभिभावकलाई समेत




बधाई दिँदै विद्यार्थीको सफलताले कलेजको प्रतिष्ठा अझ उचाइमा पुगेको बताइन् । "विद्यार्थीको उपलब्धि नै हाम्रो सबैभन्दा ठूलो सफलता हो," उनले भनिन्, "ओम नेशनल कलेजले सधैं गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राख्दै आएको छ ।"

वीरगन्ज महानगरपालिका-११, ओमआश्रम रोडमा रहेको ओम नेशनल कलेज विज्ञान संकायमा उत्कृष्ट नतिजा दिने शैक्षिक संस्थाका रूपमा परिचित छ । हाल कक्षा ११ र १२ मा गरी सात सयभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको कलेजले जनाएको छ ।

कलेजले विगतदेखि नै उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई ल्यापटपलगायत विभिन्न पुरस्कार प्रदान गर्दै आएको छ । विशेषगरी मधेसका गरिब, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई गुणस्तरीय विज्ञान शिक्षा प्रदान गर्दै आएको कलेजले यस क्षेत्रका विद्यार्थीलाई बाहिर गएर अध्ययन गर्नुपर्ने बाध्यता कम गरेको मानिन्छ ।

भौतिकशास्त्रका प्राध्यापक डा. लालबाबु यादवद्वारा २०४८ सालमा स्थापना गरिएको कलेजले विज्ञान शिक्षामा विशेष योगदान पुऱ्याउँदै आएको छ । डा. यादवको निधनपछि उनकी श्रीमती शोभा यादवले कलेजको नेतृत्व सम्हाल्दै शैक्षिक गुणस्तरलाई निरन्तरता दिइरहेकी छन् ।

यस वर्ष पनि छात्रा कुल्सुम खातुनको उत्कृष्ट उपलब्धिले ओम नेशनल कलेजको शैक्षिक साखलाई थप मजबुत बनाएको कलेज प्रशासनले जनाएको छ ।

# गाउँसभा अधिवेशनका कारण आज देवताल गाउँपालिकाको सेवा बन्द

*शु.आ. सम्बाददाता*
*कलैया, ०९ असार*

बारा जिल्लाको देवताल गाउँपालिकाले आज एक दिनका लागि अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा प्रवाह बन्द गरेको छ । गाउँपालिकाको १६औं गाउँसभा अधिवेशन आयोजना गरिएकाले नियमित सेवा बन्द गरिएको गाउँपालिकाले जनाएको हो ।

गाउँपालिकाद्वारा जारी सार्वजनिक सूचनाअनुसार आज हुने गाउँसभा अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिनेछ । गाउँसभामा गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि, शाखा प्रमुख, कर्मचारी तथा सम्बन्धित पदाधिकारीहरूको अनिवार्य सहभागिता रहने भएकाले नियमित प्रशासनिक सेवा स्थगित गरिएको जनाइएको छ । प्रमुख प्रशासकीय अधिकृत कृष्ण नन्दन रायद्वारा हस्ताक्षरित सूचनामा गाउँ कार्यपालिकाको कार्यालयसँगै मातहत रहेका सबै वडा कार्यालयबाट प्रवाह हुने सेवा आजका लागि बन्द रहने उल्लेख गरिएको छ । यद्यपि अत्यावश्यक प्रकृतिका सेवाहरू भने सञ्चालनमै रहने गाउँपालिकाले स्पष्ट पारेको छ । गाउँपालिकाले सेवा बन्दका कारण सेवाग्राहीमा पर्न सक्ने असुविधाप्रति क्षमायाचना गर्दै गाउँसभा स्थानीय तहको महत्वपूर्ण संवैधानिक प्रक्रिया भएकाले सहयोग र समझदारीका लागि आग्रह गरेको छ । आजको गाउँसभाबाट गाउँपालिकाको विकास नीति, बजेट विनियोजन, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ तथा सुशासनसँग सम्बन्धित विभिन्न योजनाहरू सार्वजनिक हुने अपेक्षा गरिएको छ । गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि स्थानीय आवश्यकता र जनचाहनालाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तयार गरिएको जनाएको छ ।

स्थानीय तह सञ्चालन ऐन तथा संवैधानिक व्यवस्था अनुसार प्रत्येक स्थानीय तहले वार्षिक नीति, कार्यक्रम र बजेट गाउँसभामार्फत पारित गर्नुपर्ने प्रावधान रहेको छ । सोही व्यवस्था अनुसार देवताल गाउँपालिकाले पनि आफ्नो १६औं अधिवेशन आयोजना गरेको हो ।

स्थानीयवासी तथा सेवाग्राहीहरूले गाउँपालिकाको निर्णयप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै विकास र सेवा सुधारका लागि प्रभावकारी बजेट आउने अपेक्षा गरेका छन् ।

# पकहा मैनपुर गाउँपालिकाको १५ औं गाउँसभा सम्पन्न, ३५ करोड २४ लाखको बजेट प्रस्तुत

*राजन कुमार बानियाँ*
*पर्सा, ०९ असार*

पर्साको पकाहा मैनपुर गाउँपालिकाको १५ औं गाउँसभा तथा आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रम आज सम्पन्न भएको छ ।

गाउँसभामा उपाध्यक्ष सर्फुनेशा खातुनको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले आगामी आर्थिक वर्षका लागि ३५ करोड २४ लाख ७५ हजार रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरेका थिए । गाउँपालिका अध्यक्ष सुरेश मेहताले नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, युवा रोजगार तथा भौतिक पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखिएको जानकारी दिए । अध्यक्ष मेहताको अध्यक्षतामा सम्पन्न गाउँसभामा उपाध्यक्ष सर्फुनेशा खातुन, प्रमुख प्रशासकीय अधिकृत देवनाथ साह, पूर्व गाविस अध्यक्ष नसुरलाह




मियाँ, वडाध्यक्षहरू ढेरी प्रसाद यादव, बलिराम चौरसिया, संजय चौहान, मुकुट चौहान, विनोद मेहता, कार्यपालिका सदस्य नेकमहम्द मियाँ, रामबहादुर सोनारलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । त्यसैगरी स्थानीय राजनीतिकर्मी, हरि चौहान, राकेश कुशवाहालगायतले पनि नीति तथा कार्यक्रमप्रति शुभकामना व्यक्त गरेका थिए ।

गाउँसभामा कार्यपालिका सदस्य, महिला तथा पुरुष सदस्य, गाउँपालिका कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, पत्रकार, सुरक्षाकर्मी, बुद्धिजीवीलगायतको उपस्थिति रहेको थियो ।कार्यक्रमको सञ्चालन शिक्षा प्रमुख दामोदर दुबेदीले गरेका थिए ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

# शैक्षिक उन्नति र सामाजिक रुपान्तरणका लागि गौरमा विद्यार्थीलाई चप्पल र शैक्षिक सामग्री वितरण

*शु. आ. सम्बाददाता*
*रौतहट, ०९ असार*

रौतहटको सदरमुकाम गौरस्थित एक विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा दैनिक आवश्यकताका वस्तुहरू वितरण गरिएको छ । बालबालिकाहरूको शैक्षिक उन्नतिमा टेवा पुऱ्याउने र विद्यालयको वातावरणलाई स्वच्छ राख्ने उद्देश्यका साथ गौर नगरपालिका वडा नं. ८ मा रहेको आधारभूत विद्यालय पुरेनवाका विद्यार्थीहरूलाई विभिन्न सामग्री हस्तान्तरण गरिएको हो ।

युवा अभियन्ता एवं राष्ट्रिय स्वतन्त्र पार्टी गौर वडा नं. ८ का वडा सभापति वीरेन्द्र साहको विशेष पहल तथा नेतृत्वमा उक्त कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत करिब ११० जना बालबालिकाहरूलाई उनीहरूको आवश्यकताअनुसार चप्पल, कापी-कलम लगायतका शैक्षिक सामग्री र विद्यालय परिसरलाई सफा राख्न फोहोर राख्ने भाँडो डस्टबिन वितरण गरिएको छ ।

ग्रामीण तथा विपन्न परिवारका बालबालिकाहरू नियमित रूपमा विद्यालय आउन र उनीहरूको पठनपाठनमा थप उर्जा मिलोस् भन्ने हेतुले यो मानवीय कार्य गरिएको आयोजक पक्षले जनाए ।

उक्त वितरण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय



जनप्रतिनिधि, शिक्षाविद् र समाजसेवीहरूको दरो ऐक्यबद्धता रहेको थियो । कार्यक्रममा इन्टरनेशनल बाल एकेडमी गौरका संञ्चालक एवं प्रखर समाजसेवी सन्तोष पौडेल गौर नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष जनार्दन साह, सम्बन्धित विद्यालयका प्रधानाध्यापक गणेश यादव तथा युवा समाजसेवी सुमित सूर्य लगायतको गरिमामय उपस्थिति रहेको थियो । त्यसैगरी कार्यक्रममा बालबालिकाका अभिभावक तथा सयौं स्थानीय नगरवासीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

सामग्री हस्तान्तरण कार्यक्रम मङ्गलवार सफलतापूर्वक सम्पन्न भएको जानकारी दिँदै मुख्य अभियन्ता एवं वडा सभापति वीरेन्द्र साहले समाज परिवर्तनका लागि शिक्षा र स्वास्थ्य पहिलो सर्त भएको उल्लेख गरे । उनले आगामी दिनहरूमा पनि समाजका विभिन्न पक्षहरूसँग आपसी सहमति, सहकार्य र साझेदारीमार्फत यस्ता लक्षित वर्ग केन्द्रित सामाजिक कार्यक्रमहरू तथा बृहत् सरसफाइ अभियानलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे ।

स्थानीय सरोकारवालाहरूले राजनीतिक आस्थाभन्दा माथि उठेर युवाहरू यसरी सामाजिक र शैक्षिक सुधारमा जोडिनु सकारात्मक पक्ष भएको भन्दै अभियानको प्रशंसा गरेका छन् ।

# रौतहटमा सडक सुरक्षा जनचेतना सप्ताह सम्पन्न, हजारौँ नागरिक लाभान्वित

*शु.आ. सम्बाददाता*
*रौतहट, ०९ असार*

रौतहट जिल्लाभर सञ्चालन गरिएको सडक सुरक्षा तथा ट्राफिक जनचेतनामूलक सप्ताह-२०८३ विविध कार्यक्रमसहित सम्पन्न भएको छ । सवारी दुर्घटना न्यूनीकरण, ट्राफिक नियमको प्रभावकारी पालना तथा सुरक्षित सडक संस्कृतिको विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त अभियान मंगलबार पत्रकार सम्मेलन तथा दीप प्रज्वलन कार्यक्रममार्फत समापन गरिएको हो ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयको सहयोगमा जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले सञ्चालन गरेको अभियानलाई मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया तथा जिल्ला प्रहरी कार्यालय रौतहटले समन्वय गरेका थिए ।

गत असार ३ गते गौरमा प्रभातफेरीसहित अभियानको औपचारिक उद्घाटन गरिएको थियो । उद्घाटन समारोहमा गौर नगरपालिकाका नगर प्रमुख शम्भु साह, प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललगायत सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधि, नागरिक समाजका प्रतिनिधि तथा सर्वसाधारण गरी करिब ३५० जनाको सहभागिता रहेको थियो । सप्ताहभर सञ्चालन भएका विभिन्न कार्यक्रमअन्तर्गत यातायात व्यवसायी तथा मजदुरहरूसँग दुर्घटना न्यूनीकरणसम्बन्धी अन्तरक्रिया, सवारी साधनहरूको प्राविधिक परीक्षण, चालकहरूको स्वास्थ्य परीक्षण तथा ट्राफिक नियमसम्बन्धी व्यापक जनचेतनामूलक गतिविधि सञ्चालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

अभियानका क्रममा ७० वटा सवारी साधनको यान्त्रिक अवस्था परीक्षण गरिएको थियो भने चालकहरूको



स्वास्थ्य परीक्षण शिविरमा ६९ जनाको सुगर, रक्तचाप तथा आँखा परीक्षण गरिएको थियो । त्यस्तै, मादक पदार्थ तथा लागुऔषध सेवनसम्बन्धी परीक्षणका क्रममा ३ जना चालकलाई लागुऔषध सेवन गरी सवारी चलाएको अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ ।

त्यसैगरी अभियान अवधिभर १ हजार ४४० वटा सचेतनामूलक स्टिकर टाँसिएको र १ हजार ६०५ थान पर्चा तथा पम्पलेट वितरण गरिएको थियो । जिल्लाका ८ वटा विद्यालयमा सञ्चालन गरिएको ट्राफिक शिक्षा कार्यक्रममा करिब ९०० विद्यार्थी सहभागी भएका थिए ।

यस्तै, ६५० पैदलयात्रीलाई सुरक्षित सडक पार गर्ने तरिकाबारे जानकारी दिइएको थियो भने ५०५ चालकसँग प्रत्यक्ष संवाद गरी ट्राफिक नियम पालना गर्न आग्रह गरिएको थियो । दुईपाङ्गे सवारी दुर्घटनामा हुने जोखिम न्यूनीकरणका लागि ७७० मोटरसाइकल चालकलाई हेल्मेट सही तरिकाले प्रयोग गर्ने तथा लक गर्ने विधिबारे प्रशिक्षण दिइएको ट्राफिक प्रहरीले जनाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका ट्राफिक प्रहरी निरीक्षक राजेन्द्र थापा मगरले सडक सुरक्षा केवल ट्राफिक प्रहरीको मात्र नभई सम्पूर्ण नागरिक, चालक तथा सरोकारवाला निकायको साझा जिम्मेवारी भएको बताए । उनले सुरक्षित र व्यवस्थित सडक संस्कृतिको निर्माणका लागि सबै पक्षको निरन्तर सहकार्य आवश्यक रहेको जोड दिए ।

**जनहितमा जारी जरुरी सूचना**

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौंको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरू अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

**पूर्वाधार विकास कार्यालय, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा